नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ३५ २०७७ साल भदौं १२ गते शुक्रबार (28 Aug 2020 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिड - १९ विरुद्धका ... ३ पृष्ठमा : प्रदेश नं २ मा ... ३ पृष्ठमा : टिकटकका प्रमुख ...

# बाढीका कारण जिल्लावासीले भोग्दै आएको समस्या सम्बोधन गराउने उद्देश्यले स्थलगत निरिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

राष्ट्रिय सभाका सदस्य शेखरकुमार सिंहले बर्सेनी बाढीजन्य प्रकोपको कारण सप्तरीबासीले भोग्दै आएको पीडालाई सम्बोधन गराउने उद्देश्यले स्थलगत अवलोकन निरीक्षण अभियान सञ्चालन गरेका छन् ।

राष्ट्रिय सभाको राष्ट्रिय सरोकार समन्वय समितिका सदस्य समेत रहेका सांसद सिंहले सप्तरीको सप्तकोशी नगरपालिकामा त्रियुगा, मयुरनी, बन्द्राहा, अमहा, गंगाजलीलगायतका दर्जन बढी नदीहरुको कारण बर्सेनी बाढी तथा कटान हुँदै आएको बताएका छन् ।

सप्तकोशी नगरपालिकाको विभिन्न खोलाको कारण हुँदै आएको समस्याप्रति सांसद सिंहसहितको एक टोलीले स्थलगत अवलोकन गरेको हो । सो टोलीलाई सप्तकोशी नगरपालिकाका मेयर उत्तमकुमार शर्मा गौतम तथा वडाअध्यक्षहरुले नदीहरुको कारण उत्पन्न समस्याहरुको बारेमा जानकारी गराए ।

सो क्रममा राष्ट्रिय सभा सदस्य सांसद शेखरकुमार सिंहले कोशी क्षेत्रको जनताको पीडालाई आफूले संसदमा उठाउँदै आएको र अझबलियो ढंगले प्रस्तुत गरी सम्बोधन गराउन स्थलगत अवलोकन निरीक्षण अभियान सञ्चालन गरिएको जानकारी दिए ।

सप्तकोशी नदीको कारण उत्पन्न समस्याको समयमै भारत सरकारबाट सम्बोधन हुनुपर्ने जिकीर गर्दै सांसद सिंहले भारतको कुनौलीदेखि उदयपुरको बेलकानगरपालिका सम्मको कोशीको पश्चिमी तटबन्धलाई मजबुत पार्नुपर्ने आवश्यकता माथि जोड दिए । यस बिषयमा आफू राष्ट्रिय सरोकार समन्वय समिति र राष्ट्रिय सभामा समेत जोडदार ढंगले उठाउने विश्वास दिलाए ।

कोशी नदीको कारण पनि सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिका प्रभावित बन्दै आएको छ । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

***बाँकी तीन पृष्ठमा***

# पत्निले दिइन् पति बिरुद्ध उजुरी

**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं. ६ की ३५ बर्षिया फुलिया देबीले पति बिरुद्ध प्रहरीमा निवेदन दिएकी छिन् ।

पछिल्लो पटक बुधबार राती पति जिवछ मुखियाको कुटाईबाट घाइते भएकी उनको राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ । उनका तर्फबाट छोरा मनोजले प्रहरी चौकी बिष्णुपुरमा निवेदन दर्ता गराएका हुन ।

उनको घाटी, आखा मुनि र टाउकोमा चोट देखिएको र उपचार भईरहेको अस्पतालले जनाएको छ ।

पति जिवछले रक्सी सेवन गरेर पटक पटक कुटपिट गर्दै आएको निवेदनमा उल्लेख छ । यस अघि पनि पटक पटक शारिरिक र मानसिक यातना दिने गरेको उल्लेख गर्दै निवेदनमा उनी माथि घरेलु हिँसा अनुसार कारवाही गर्न माँग गरिएको छ ।

पतीको यातनाले पटक पटक बिस्थापित भई माईतिमा बस्न बाध्य भएको उल्लेख गर्दै उनले निवेदन मार्फत सुरक्षित साथ घरमा बस्न पाउने वातावरण मिलाई दिन समेत आग्रह गरेकी छिन ।

यता जिवछले आफु पत्निपीडित भएको बताएका छन । उनले पत्नी फुलियासँग बस्न नसक्ने भएरै पटक पटक अलग्गै बस्दै आएको सुनाए ।

बिष्णुपुर प्रहरी चौकी ईन्चार्ज प्रमोद साहले मुखिया दम्पति बिच घरायासी बिवाद लिएर यस अघि पनि पटक-पटक झै-झगडा हुने गरेको र पटक-पटक पंचायती समेत भइसक्दा पनि दुबैले निर्णय नमानेको जानकारी आएको बताए । उनले पीडित फुलिया देवीको निवेदनलाई गम्भिरता पूर्वक लिदै पीडकलाई झिकाई आबश्यक अनुसन्धान सुरू गरिएको बताएका छन् ।




**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · prabhu Money Transfer · City Express · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

# कोभिड - १९ विरुद्धका खोपबारे नेपालमा अध्ययन

काठमाडौँ, ११ भदौ (रासस)।

सरकारले विभिन्न देशमा कोभिड- १९ को विरुद्ध बनेका विभिन्न औषधि र खोपमाथि परीक्षण (क्लिनिकल ट्रायल) गर्न सम्भाव्यता छलफल शुरु गरेको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले रुस, चीन, भारत र बेलायतको अक्सफोर्ड विश्वविद्यालयले कोभिड १९ विरुद्ध उत्पादन गरेका औषधि र खोपको प्रयोगबारे अनुसन्धानलाई अगाडि बढाएको हो।

आफ्नो र अन्य देशमा प्रयोग गरिरहेका औषधि र खोप नेपालमा तेस्रो चरणको परीक्षण (क्लिनिकल ट्रायल)को लागि आउन ती देशले खोजेका छन्। परिषद्ले ती औषधि र खोपका लागि अनुसन्धान गरेर मात्र नेपालमा तेस्रो चरणको लागि क्लिनिकल ट्रायल अनुमति दिने भएको छ। अहिलेसम्म कुनै खोपको प्रयोग नेपालमा गरिएको छैन।

परिषद्का कार्यकारी निर्देशक डा. प्रदीप ज्ञवालीले विभिन्न देशमा कोभिड १९ विरुद्ध बनेका औषधि र खोपको नेपालमा प्रयोग गर्नेबारे अनुसन्धान प्रक्रिया शुरु गरिएको जानकारी दिनुभयो। "नेपालमा तेस्रो चरणका लागि खोप र औषधिको परीक्षण गर्नका लागि विभिन्न देशले इच्छा व्यक्त गरेका छन्," उहाँले भन्नुभयो, " हामीले अध्ययन अनुसन्धान गरेर मात्र प्रयोगका लागि अनुमति दिन्छौं।"

परिषद्ले नेपालमा यसअघि विभिन्न अस्पताललाई प्लाजाथेरापी विधिबाट कोभिड १९ का सङ्क्रमितको उपचार गर्ने पद्धति अपनाउन स्वीकृत प्रदान गरिसकेको छ। अहिले प्लाजा थेरापीविधिबाट गम्भिर अवस्थाका विरामीको उपचार विभिन्न कोभिड १९ अस्पतालले गरिरहेका छन्।

परिषद्ले रुसमा बनेको कोरोना भाइरस को विरुद्धको खोप "स्तुनिक भी" नेपालमा पनि प्रयोग गर्नेबारे छलफल अगाडि बढाएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औपचारिक रुपमा नेपालस्थित रुसी राजदूतावासलाई पत्र लेख्दै नेपालमा पनि प्रयोग गर्नेबारे परिषद्ले छलफल शुरु गरेको हो।

रुस सरकारले बनाएको खोपको बारेमा परिषद्का कार्यकारी निर्देशक डा. ज्ञवालीले नेपालस्थित रुसका राजदूत अलेक्जी ए नोभिकोभसँग पनि छलफल गरिसक्नु भएको छ।

"खोपबारे रुसी राजदूतसँग भएको छलफल सकारात्मक रुपमा अगाडि बढेको छ," उहाँले भन्नुभयो, "हामीले उक्त खोप नेपालमा पनि प्रयोग गर्न सकिने वा नसकिनेबारे अध्ययन अनुसन्धान गर्दछौं। त्यसपछि मात्र प्रयोग गर्ने वा नगर्ने भन्ने थाहा हुन्छ।"

विश्व स्वास्थ्य संगठनले मान्यता दिइ नसकेको अवस्थामा यहाँ प्रयोग गर्दा हानी वा नोक्सान के गर्दछ भन्ने अध्ययन अनुसन्धान गरिने उहाँको भनाइ रहेको छ। अहिलेसम्म कुनै पनि औषधि र खोपलाई संगठनले मान्यता दिएको छैन।

रुसी सरकारले एक हजार जनालाई निःशुल्क रुपमा प्रयोग गर्नका लागि खोप उपलब्ध गराउने समेत रुसका राजदूत नोभिकोभले प्रतिवद्धता जनाउनु भएको परिषद्का कार्यकारी निर्देशक डा. ज्ञवालीले जानकारी दिनुभयो।

परिषद् विभिन्न देशमा उत्पादन भएका औषधी र खोपको नेपालमा प्रयोगका सम्बन्धमा एक वैज्ञानिक अध्ययन टोली गठन गरी नेपालमा प्रयोग गर्न सकिने वा नसकिने पत्ता लगाउने छ।

उक्त टोलीले औषधि र खोपका बारेमा सत्यतथ्य पत्ता लगाई प्रयोग गर्न सकिने वा नसकिने प्रतिवेदन तयारी पारी परिषद्लाई बुझाउने छ। सोही आधारमा मात्र औषधि र खोपको विधिपूर्वक प्रयोग गर्न सकिने परिषद्का कार्यकारी निर्देशक डा. ज्ञवालीले जानकारी दिनुभयो।

उहाँका अनुसार रुसका राजदूत नोभिकोभले नेपालमा नै उक्त खोप उत्पादन गर्न सहयोग गर्ने प्रतिवद्धता जनाउनु भएको छ। यसैगरी चीनको चाइनो भ्याक कम्पनीले उत्पादन गरेको खोप नेपालमा प्रयोग गर्नेबारे पनि छलफल भएको छ।

उहाँले उत्पादन गरेको खोप नेपालमा प्रयोग गर्नेबारे छलफल भएको जानकारी दिनुभयो। उक्त खोप समेत चीन सरकारले ५०० जनामा प्रयोग गर्नका लागि एक हजार थान पठाउनका लागि स्वीकृत माग गरेको छ।

यस्तै भारतबाट सङ्क्रमित गम्भिर अवस्थामा पुगेका बिरामीको लागि प्रयोग औषधि रेमडिसिभिर पनि औषधि व्यवस्था विभागले प्रयोगका लागि स्वीकृत दिइसकेको छ।

क्लिनिकल ट्रायलका लागि ल्याइएकोले उक्त औषधीकवो अहिले सङ्क्रमितको उपचारको लागि प्रयोग भइरहेको छ। परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ धिमालले रेमडिसिभिर औषधिबारे अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

## संक्रमण अझ बढ्ने : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, ११ भदौ (रासस)।

सरकारले कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमण आगामी केही दिनमा थप वृद्धि हुने आँकलन गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका बिहीबार नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले सङ्क्रमण दर दिनप्रतिदिन बढिरहेकाले केही दिनमा थप वृद्धि हुने बताउनुभयो।

उहाँले सङ्क्रमण वृद्धि भएसँगै थप चुनौतिको सामाना गर्नुपर्ने धारणा राख्नुभयो। स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी र घनावस्ती भएको ठाउँमा अहिले सङ्क्रमण बढीरहेको उहाँको भनाइ छ। उहाँले सङ्क्रमण देखिएपछि आइसोलेसनमा र लक्षण नभएकाहरू सम्भव भएसम्म घरमा आइसोलेसनमा बस्न अनुरोध गर्नुभयो।

प्रवक्ता डा. गौतमले सङ्क्रमण अझ बढ्ने भएकाले सबैले आफ्नो जीवनशैली परिवर्तन गर्न आग्रह गर्नुभयो। सकारात्मक सोच र चिन्तन गरी सबैले आ-आफ्नो ठाउँबाट सङ्क्रमणको रोकथाम र नियन्त्रणमा एकजुट हुन जरुरी रहेको उहाँको भनाइ छ। उहाँका अनुसार कोभिड-१९ को रोकथामको प्रमुख उपाय खोप र जनस्वास्थ्यका मापदण्डको पालना रहेको छ।

बिहीबार एकै दिन एक हजार १११ जनामा सङ्क्रमण देखिएको छ भने आठ जनाको सङ्क्रमणका कारणले निधन भएको छ। उहाँले संक्रमणको रोकथाम र नियन्त्रण गर्न खटिएका कर्मचारीलाई सहानुभूति प्रकट गर्न आग्रह गर्नुभयो। "नेपालमा सबै अङ्ग सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न अहोरात्र खटिएका छन्, खटिएका कर्मचारीका परिवार पनि सङ्क्रमणबाट पीडित भएका छन्", उहाँले भन्नुभयो, "यस्तो कठिन घडी सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न खटिएका कर्मचारी र परिवारप्रति सबैले सहानुभूति राख्नुहोस।"

सङ्क्रमणको नियन्त्रण र रोकथामका लागि विश्वमा भइरहेका अनुसन्धान प्रयासको सरकारले अध्ययन गरिरहेको उहाँले बताउनुभयो। विश्वका कतिपय देशले परीक्षण गरिरहेका कतिपय खोप, औषधी सफल परीक्षणपश्चात हाम्रो देशका नागरिकले पनि राहत पाउने उहाँको भनाइ छ। कोभिड-१९ बाट आफू र आफ्नो परिवारलाई बचाउनसमेत उहाँले अनुरोध गर्नुभएको छ।

## कोरोना संक्रमित गर्भवतीको मृत्यु

कलैया, ११ भदौ (रासस)।

बाराको सुवर्ण गाउँपालिका–४ की कोरोना सङ्क्रमित एक गर्भवती महिलाको उपचारका क्रममा बिहीबार बिहान वीरगञ्जस्थित नारायणी अस्पतालमा मृत्यु भएको छ।

कोरोना सङ्क्रमण पुष्टि भएपछि भदौ १० गतेदेखि अस्पतालमा उपचाररत २३ वर्षीया ती महिलाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय बाराले जनाएको छ। ती महिला ३३ हप्ताकी गर्भवती थिइन्।

ज्वरो र श्वासप्रश्वासको समस्या देखिएपछि आफन्तले उनलाई नारायणी अस्पतालमा भर्ना गराएका थिए। उच्च रक्तचापसमेत रहेको ती महिलाको भदौ ८ गते स्वाब सङ्कलन गरी परीक्षण गर्दा कोरोना पोजेटिभ देखिएको थियो। उपचारकै क्रममा बिहीबार बिहान साढे ६ बजे उनको मृत्यु भएको छ। मृतकको शव व्यवस्थापन गर्ने काम भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता गौतम मिश्रले बताउनुभयो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसुपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - हरेराम यादव

अध्यक्ष

रूपनी गाउँपालिका, सप्तरी

# प्रदेश नं २ मा आठको मृत्यु

जनकपुर, ११ भदौ (रासस)।

प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट आठ जनाको मृत्यु भएको छ भने १२४ जना नयाँ सङ्क्रमित थपिएका छन्।

प्रदेशको समाजिक विकास मन्त्रालयले बिहीबार जारी गरेको तथ्याङ्कअनुसार सो अवधिमा बारामा पाँच, पर्सामा दुई र धनुषामा एक गरी आठ जनाको कोरोनाको कारण मृत्यु भएको हो। प्रदेशमा कोरोनाको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ७२ पुगेको छ। साथै सोही अवधिमा सप्तरीमा ३२, सिरहामा चार, धनुषामा ३७, महोत्तरीमा ६, सर्लाहीमा तीन, रौतहटमा ६, बारामा १० र पर्सामा २६ गरी १२४ जना नयाँ सङ्क्रमित थपिएको हो। अब कूल सङ्क्रमितको सङ्ख्या नौ हजार ५५१ पुगेको छ। सोमध्ये बिहीबार ५७ जनासमेत गरी चार हजार ४९६ जना उपचार गराएर घर फर्केका छन्।

यसैबीच, यस प्रदेशअन्तर्गत १९६ क्वारेन्टिनस्थलमा ८१२ जना बसेका छन् भने होम क्वारेन्टिनमा दुई हजार ५५४, आइसोलेशनमा एक हजार १२१ र होम आइसोलेशनमा तीन हजार ८६२ जना बसेका छन्।

## लघुउद्यमी व्यवसायिलाई राहत सहयोग



दैनिक समाचारदाता
राजविराज, ११ भदौ।

बिगत ६ महिनादेखि कोरोना भाइरसका कारण समस्यामा परेका ५१ जना लघुउद्यमीहरुलाई बिहीबार जिविकोपार्जनका लागि सहयोग सामाग्री उपलब्ध गराएका छन।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले गत वर्ष १५ हजार दिएर स्थापित गरेका आफ्नो व्यवसायी गरिरहेका र उनीहरु अहिले कोरोना भाईरसका कारण मर्ममा परेकालाई थप सहयोग स्वरुप १० हजार मुल्य बराबरको सामाग्री हस्तान्तरण गरिएको कृषि प्राबिधिक रामकुमार साहले जनाकारी दिएका छन्।

कोरोना भाइरसका मार्ममा परेका ५१ जना विभिन्न व्यवसाई लघुउद्यमीहरुलाई सो सामग्री सेभ द सप्तरीका अध्यक्ष ध्रुव प्रसाद देवले उनीहरुलाई प्रदान गरे।

कृषि प्राबिधिक साहका अनुसार ३६ जना किराना व्यवसायी, ६ जना कोसमेटिक ब्यवसायी ४ जना होटल ब्यवासायी, २ जना फ्रेंस हाउस कुखुरा ब्यवसायी र ३ जना तरकारी ब्यवसायीलाई १० हजारका दरले सामग्री दिइएको हो।

किराना व्यवसायीलाई खाने तेल, बिस्कुट, चाउचाउ, सर्फ, साबुन, सेम्पु, होटल ब्यवसायीलाई मुरही चाना, मटर, चियापती, जिरा, धनीया, बेसार लगायत र कुखुरा ब्यवसायीलाई पनि जिउँदो कुखुरा दिइएको छ भने तरकारी र कस्मेटीक ब्यवसायीलाई समेत सामग्री हस्तान्तरण गरिएको सेभ द सप्तरीले जनाएको छ।

## स्वास्थ्य चौकी संचालनको लागि टेन्ट हस्तान्तरण



दैनिक समाचारदाता
राजविराज, ११ भदौ।

बिश्व भरी फैलिएको कोरोना भाइरस महामारीलाई मध्य नजर गरि स्वास्थ्य चौकी संचालनको लागि बिहीबार टेन्ट हस्तान्तरण गरिएको छ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीको समन्वयमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ स्थित सखडामा रहेको स्वास्थ्य चौकीलाई नियमित संचालनका लागि १ लाख १६ हजार १ सय ८ रुपैयाको १ थान टेन्ट र १७ हजार ७ सय ९६ रुपैयाको पिपिई प्रदान गरिएको सेभ द सप्तरीका फिल्ड अधिकृत बिष्णुकान्त देवले जानकारी दिएका छन्।

सो कार्यक्रममा छिन्नमस्ता गाउँपालिका अध्यक्ष सुर्यनारायण मण्डल, स्वास्थ्य चौकी सखडाको इन्चार्ज अजय कुमार झा, स्वास्थ्य संयोजक मध्नेश्वर चौधरी, कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरी, समुदायिक परिचालक रुभा मण्डल, सेभ द चिल्ड्रेनका संयोजक देवकृष्ण भगत लगायतका उपस्थित रहेको थियो।

### बाढीका कारण ...

महुली खोलाको कारण समेत पीडित बन्दै आएको छ। महुलीखोलाले गरेको कटान गरेको क्षेत्रको समेत साँसद सिंह तथा पूर्व साँसद सूर्यनाथ प्रसाद यादवसहितको टोलीले अवलोकन गरेको छ।

सो अवलोकन निरीक्षण टोलीले सप्तकोशी नगरपालिकाका मेयर उत्तमकुमार शर्मा, कन्चन रुपनगरपालिकाका मेयर वसन्तकुमार मिश्र, तिरहुत गाउँपालिकाका अध्यक्ष मनोज बहखेरसँग समेत बाढीजन्य प्रकोप र त्यसबाट हुने गरेको क्षतिलगायतको बारेमा छलफल गरेको थियो।

टोलीमा पूर्व साँसद सूर्यनाथ प्रसाद यादव, जसपाका जिल्ला अध्यक्ष केदार यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह सहभागी रहेका थिए।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# विश्व समाचार

## टिकटकका प्रमुख कार्यकारीले दिए राजीनामा

सान फ्रान्सिस्को, ११ भदौ (रासस/एएनआई)।

लोकप्रिय चिनियाँ भिडियो सेयरिङ एप्लिकेसन टिकटकका कार्यकारी प्रमुख केभिन मायरले राजीनामा दिनु भएको छ।

केही महिनाअघि मात्र कम्पनीको प्रमुख कार्यकारीमा नियुक्त हुनुभएका मायरले कम्पनी छाड्नुपर्दा आफूलाई निकै दुःख लागेको बताउनुभएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटकको संस्थापक कम्पनी बाइटडान्स सहित मेसेजिङ एप्लिकेसन वीच्याटमाथि अमेरिकामा प्रतिबन्ध लगाउने चेतावनी दिँदै एउटा कार्यकारी आदेशमा हस्ताक्षर गरेसँगै दुवै चिनियाँ कम्पनी अहिले संकटमा छन्।

राष्ट्रपति ट्रम्पको आदेश विरुद्ध सान फ्रान्सिस्कोमा चिनियाँ मेसेजिङ एप्लिकेसन वीच्याटका प्रयोगकर्ताले अदालतमा चुनौती दिने बताएका छन्।

उत्तर अमेरिकी टिकटकका महाप्रबन्धक भेनिसा पाप्पाले कम्पनीको अन्तरिम प्रमुखकको पद सम्हाल्नु हुनेछ।

टिकटकले पनि मायरले राजीनामा दिनुभएको पुष्टि गर्दै पछिल्ला केही महिनादेखि अमेरिकी राजनीतिक घटनाक्रमका कारण मायरको भूमिका परिवर्तन भएको जनाएको छ।

बाइटडान्सका संस्थापक एवं प्रमुख कार्यकारी यिमिङ झाङले कम्पनीका कर्मचारीलाई पठाउनुभएको पत्रमा विवादित विषय सुल्झाउन प्रयास जारी रहेको बताउनुभएको छ। उहाँले भारत र संयुक्तराज्य अमेरिकामा आफ्नो कम्पनीमाथि समस्या खडा भएको स्वीकार्नु भएको छ।

गत अगष्ट ६ मा राष्ट्रपति ट्रम्पले टिकटकको संस्थापक कम्पनी बाइटडान्समाथि अमेरिकामा प्रतिबन्ध लगाउन एउटा कार्यकारी आदेशमा हस्ताक्षर गर्नु भएको थियो। अमेरिकामा टिकटकलाई आफ्नो स्थिति प्रष्ट गर्न ४५ दिनको समय दिइएको छ।

## युट्युबले यसै वर्ष हटायो एक करोड १४ लाख भिडियो

वासिङटन, ११ भदौ (रासस/एएनआई)।

भिडियो हेर्न मिल्ने माध्यमका रुपमा रहेको युट्युबले यस वर्षको दोस्रो त्रैमासिक अवधिमा एक करोड १४ लाखभन्दा बढी भिडियो हटाएको छ।

कम्पनीको मापदण्ड तथा निर्देशिका विपरित रहेको ठहर गरिएका भिडियो हटाइएको कम्पनीद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

भिडियोका बारेमा प्राप्त उजुरी र आफैँले गरेको मूल्याङ्कनका आधारमा ती भिडियो हटाउनु परेको कम्पनीले स्पष्ट पारेको छ।

कम्पनीका अनुसार यही वर्ष सन् २०२० को अप्रिलदेखि जुनसम्मको अवधिमा ती भिडियो हटाइएको हो।

कम्पनीले यसअघि सन् २०१९ मा ९० लाखभन्दा कम भिडियो मात्रै हटाएको थियो। अघिल्लो वर्षको तुलनामा यस वर्ष अत्यधिक धेरै भिडियो हटाउनु परेको कम्पनीको तथ्याङ्क छ।

"समाज र मानवप्रतिको जिम्मेवारी हाम्रो उच्च प्राथमिकताको विषय हो, कतिपय भिडियो सामग्रीले त्यसलाई दखल पार्ने निश्कर्षका साथ हामीले हटाएका छौं," कम्पनीद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

बाल सुरक्षा र हिंसालाई भड्काउन नदिनेतर्फ कम्पनी सचेत रहेको पनि वक्तव्यमा जनाइएको छ।

लोकप्रिय समाजिक सञ्जालका रुपमा दिनप्रतिदिन उपभोक्ता बढ्दै गएसँगै विकृति र दुरुपयोग पनि बढेको भन्दै आलोचना बढेपछि युट्युबले आफ्नो मापदण्ड र निर्देशिकालाई पनि कडा बनाउँदै लगेको छ।

## बाढीका कारण अफगानिस्तानमा १ सय १० जनाको मृत्यु

काबुल, ११ भदौ (रासस/एएनआई)।

अफगानिस्तानमा बाढीका कारण एकै दिन ११० जनाको मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा उनीहरुको मृत्यु भएको र अरु १५० जना घाइते भएको अधिकारीहरुले जानकारी दिएका छन्। ती घटनाहरु देशका विभिन्न प्रान्तहरुमा भएका हुन्।

स्थानीय अधिकारीका अनुसार पार्वान प्रान्तमा मात्रै ८५ जनाको मृत्यु भएको छ भने ११० जना घाइते भएका छन्।

टोलो न्युजले कतिपय ठाउँमा उद्धारकर्तासमेतले प्रभावकारी काम गर्न नसकेको र कतिपय व्यक्तिको शव पनि नभेटिएको समाचार सम्प्रेषण गरेको छ।

अर्को बढी प्रभावित देखिएको चरिकार क्षेत्रमा खटिएका एक उद्धारकर्ताले हराइरहेकाको शव भेट्टाउन सकिन्छ की भनेर अहिले पनि हामी आशा गरिरहेका छौं, तर खोजी कार्य भने अहिले पनि गाह्रो भइरहेको बताए।

अधिकारीका अनुसार पीडितमध्ये अधिकांश महिला र बालबालिका रहेका छन्। उनीहरुले स्थानीय समयअनुसार बुधबार दिउँसो झण्डै ३ बजेतिर विनाशकारी बाढी आएको थियो।

त्यसैगरी कापिसा प्रान्तको कोभान्ड जिल्लामा बाढीका कारण कम्तीमा दश जनाको मृत्यु भएको छ भने अरु दश जना घाइते भएका छन्।

त्यस बाहेक हेस ए अवाल ए कोहिस्तान, हेस ए डोवोम ए कोहिस्तान, निजार्ब जिल्लालगायतका ठाउँ पनि बाढीबाट बढी प्रभावित भएका छन्।

# अन्तराष्ट्रिय क्रिकेटर पवन कोरोना मुक्त



**दैनिक समाचारदाता**
**राजविराज, ११ भदौ ।**

तीन साता बढी समयदेखी कारोना संक्रमित भएका अन्तराष्ट्रिय क्रिकेटर पवन दासले बिहिवार कोरोना मुक्त भएका छन् ।

गत साउन १६ गते कोरोना संक्रमित भएका पवनको बिहिवार कोरोनाको रिर्पोट नेगेटिभ आएपछि उनी कोरोना मुक्त भएका हुन । पवनसँगै कोरोना संक्रमित भएका उनका बुवा, आमा तथा छोरा छोरीको रिर्पोट समेत बिहिवारै नेगेटिभ आएको छ ।

संक्रमण मुक्त भएपछि पवनलाई गजेन्द्र नारायण सिंह अस्पतालका मेसु रन्जित झा तथा वडा अध्यक्ष समिर झाले सम्मान समेत गरेका थिए ।

होम आइसोलेसनमा रहेका क्रिकेट पवनले आफु कोरोना संक्रमित हुदा समेत सामाजिक संजाल मार्फत कोरोना संक्रमित भएको जानकारी गराए थिए भने कोरोना संक्रमित भएपछि समय समयमा कोरोनालाई जित्न आफ्नो आत्मबल बलियो बनाउनु पर्छ र नियमित साबुन पानीको प्रयोग लगायत मास्कको प्रयोग तथा सामाजिक दुरीको बारेमा सामाजिक संजालमा संदेशमुलक जानकारी दिदै आएका थिए ।

पवनले सन् २००२ मा नेपाली १५ बर्ष मुनिका टोलिबाट तथा सन २००४ मा १७ बर्ष मुनिका नेपाली टोलिबाट राष्ट्रिय टिमको प्रतिनिधित्व गरेका थिए । बायाँ हाते ओपनिंग ब्याट्सम्यान ब्याट्सम्यान दासले २००२ को १५ बर्ष मुनिको एसिया कपमा टेष्ट राष्ट्र बंगलादेश यु १५ बिरुद्ध ६२ रन बनाएका थिए । दासले सोहि प्रतियोगितामा भारत बिरुद्ध २९ रन बनाएका । सो प्रतियोगितामा नेपाल सेमीफाइनल सम्म पुगेको थियो र पाकिस्तानसंग सेमीफाइनलमा नेपाल २७ रनले पराजित भएको थियो । राम्रो प्रदर्शन गरेका कारण दास २००२ यु १५ एसिया कपको एसीसीले घोषणा गरेको ड्रिम टिममा समेत परेका थिए ।

---

स.क.परिषद द.नं.-७८०८ जि.प्र.का. दर्ता नं. १०५/२०५४/०५५

## सप्तरी सामुदायिक बिकास केन्द्र, नेपाल
## Saptari Community Development Centre, Nepal

**राजविराज** पान : ३०१८३७१६७

*मिति : २०७७/०५/११*

विषय : लेखापरिक्षक सुचिक्रित सम्बन्धी सुचना ।

यस संस्थाको मिति २०७७/०५/०९ गते बसेको कार्य समितिको बैठकबाट भएको निर्णय अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखा परिक्षण गराउनु पर्ने भएको हुनाले दक्ष एवम् अनुभवी लेखापरिक्षकहरुले यस संस्थाको आर्थिक तथा प्रशासनिक एवम् मानवसंशाधन नियमावली २०७६ को परिच्छेद ५ को दफा ५.१४ को उपदफा १ बमोविम यो सुचना प्रकाशित भएको मितिले ७ सात दिन भित्र यस संस्थामा सुचिक्रित हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सुचिक्रित हुन चाहिने आवश्यक कागजातहरु**

१ निवेदन पत्र
२ लेखा व्यवसायी फर्म दर्ता प्रमाण पत्र
३ नवीकरण गरिएको प्रमाण पत्र
४ स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र
५ कर चुक्ता प्रमाण पत्र
६ कार्य अनुभवको प्रमाण
७ पेशागत प्रमाण पत्र

शम्भुनन्द चौधरी
अध्यक्ष
शम्भुनन्द चौधरी
अध्यक्ष
एससिडिसी नेपाल

---

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

---

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

---

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**अनुरोधकर्ता - मनोज बहरखेर**
**अध्यक्ष**
**तिरहुत गाउँपालिका, सप्तरी**

---

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*